# स्थानीय राजपत्र

## इन्द्रसरोवर गाउँपालिका द्धारा प्रकाशित

खण्ड ४ संख्या ४ मिति २०७७/४/१४

गाउँकार्यपालिका बाट स्वीकृत मिति : २०७७/०४/०९

## विपद पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड, २०७७

इन्द्रसरोवर गाउँपालिकाको "विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५ को दफा १८ को उपदफा (२)" बमोजिम इन्द्रसरोवर गाउँपालिकाले यो मापदण्ड बनाएको छ ।

**१. सम्क्षिप्त नाम र प्रारम्भः** यस मापदण्डको नाम " विपद पिडित उद्धार र राहत सम्बन्धि मापदण्ड, २०७७" रहेको छ ।

२. यो मापदण्ड कार्यपालिकावाट स्वीकृत भएको मिति वाट लागू हुनेछ ।

## ३. उद्धार तयारी व्यवस्थापन

क) इन्द्रसरोवर गाउँपालिकाको पालिकास्तरीय विपद उद्धार समितिले खोज र उद्धार सामग्रीको पर्याप्त भण्डारणको व्यवस्था गरी जुन सुकै वडामा विपद आएका बखत आवश्यकता अनुसार तत्काल राहत पुर्याउने व्यवस्था मिलाउने ।यसका लागि खोज तथा उद्धार सामग्री भण्डारणको व्यवस्था गर्ने । जोखिममा परेका वडाको वस्तीको पहिचान गरी त्यस्ता बस्तीको संरक्षण तथा बस्ती स्थानान्तरण लगायतका उपयुक्त व्यवस्था गर्नको लागि आवश्यक अनुसन्धान, योजना तथा कार्यक्रम निर्माण, बजेट तथा श्रोत साधनको व्यवस्था गर्ने र यस्ता बस्तीको जोखिम घटाउने सम्बन्धी कार्यक्रमको कार्यान्वयनको व्यवस्था गर्ने ।विपदको जोखिममा रहेका क्षेत्रको Risk Assessment तथा Hazard Mapping को व्यवस्था गर्ने र नसिकने अबस्था भएमा अन्य निकायको सहयोग लिने ।

ख) वडास्तरका विपदका प्रकृतिको पहिचान गरी सो बाट पीडितहरुको खोजी र उद्धार गर्ने कार्यको लागि दक्ष र तालिम प्राप्त जनशक्ति न्यूनतम ५ जना

जुनसुकै बेला परिचालन गर्न सकिने अवस्थामा राख्ने व्यवस्था पालिका अध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत र सम्बन्धित वडाका अध्यक्षले मिलाउने ।तालिम प्राप्त जनशक्तिको साथै विपदको समयमा राहतको छिरितो व्यवस्थाको लागि खोज र उद्धार सामग्रीको साथै आपत्कालीन खाद्यान्न एवं लत्ताकपडा भण्डारणको व्यवस्था गर्ने ।

ग) खोज र उद्धार कार्यको लागि ५ वटै वडामा गाउँपालिका स्तरिय विपद उद्धार समिति मातहतमा खोज र उद्धार सामग्रीहरु भण्डारण गरी राख्ने व्यवस्था मिलाउने । यसमा न्यूनतम ५ जना उद्धार कर्मीलाई उद्धार कार्यमा प्रयोग गर्न आवश्यक पर्ने सामग्रीहरु स्थानीय आवश्यकताको आधारमा पहिचान गरी भण्डारणको व्यवस्था प्रमुख प्रशासकिय अधिकृतले मिलाउने ।

घ) गाउँपालिकाको विपद उद्धारकोषमा न्यूनतम दस लाख सम्म रकम मौज्जदा कायम राख्ने व्यवस्था प्रमुख प्रशासकिय अधिकृतले मिलाउने ।स्थानीयस्तरमा कायर्रत सामाजिक एंव गैर-सरकारी संघ-संस्थाहरुको सहयोग समेत लिई विपद

व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने काम सबै वडामा गर्ने ।

ङ) विपदको समयमा विस्थापित परिवारलाई सुरक्षित स्थानमा राखि शिविर सञ्चालन गर्न विपद उद्धार समितिले सम्भव भएसम्म विद्यालय, स्वास्थ्य केन्द्र बाहेक पहिचान गरिएका खुला क्षेत्रहरु प्रयोग गर्ने ।

च) खोज तथा उद्धारका लागि आउने स्वदेशी तथा विदेशी टोलीलाई सहयोग गर्ने गराउने तथा समुचित प्रवन्ध पालिकाको विपद उद्धार समितिले मिलाउने ।

## ४. आपत्कालीन उद्धार तथा राहत वितरण

गाउँ विपद व्यवस्थापन समितिले गाउँ विपद व्यवस्थापन कोषको रकमखर्च गर्दा देहाय बमोजिम गर्नु पर्नेछ ।

क) विपदको घटनामा परि कुनै परिवारमा १ जनाको मृत्यु भएमा रु. ५० हजारका दरले सोही परिवारमा अन्य व्यक्तिको समेत मृत्यु भएमा प्रति व्यक्ति थप रु. २० हजारका दरले राहत रकम उपलव्ध गराउनु पर्नेछ । यसरी मृतकको परिवारलाई

उपलव्ध गराइने राहत एकद्वार नीति अवलम्बन गरी उपलव्ध गराउने ।

तर एकाघरका परिवारका सबै सदस्यको मृत्यु भइ एकासंगोलको कुनै पनि व्यक्ति जीवित नरहेमा त्यस्तो परिवारलाई यो दफा बमोजिमको राहत रकम प्रदान गरिने छैन । विपदको घटनामा परि कुनै व्यक्ति घाइते भएमा घाइतेको उपचारको लागि रु. ५ हजार देखि अधिकतम रु.३० हजार सम्म राहत उपलव्ध गराउन सकिने छ ।

ख) विपदवाट घर, बहाल, आवास नष्ट भएमा वा खाद्यान्न बाली तथा जग्गा जमिन वा पसल व्यवसाय समेत नोक्सानी भइ तत्काल गुजारको लागि खाधान्न समेत नभएको वा दुवै अवस्थामा पिडित परिवारलाई यथाशिघ्र प्रति परिवार ५ जना सम्म सदस्य भएको परिवार भए रु. ६ हजार र ५ जना भन्दा बढी सदस्य भएको परिवार भए रु. ८ हजारका दरले नगद सहायता प्रदान गरिनेछ । सम्भव भएसम्म यस्तो सहायता तत्काल घटनास्थलमा उपलव्ध गराउने । यस्तो सहयोग पालिकाको विपद उद्धार समितिले आवश्यक छानविन गरी बैठकबाट निर्णय

गराएर मात्र दिने । साथै विशेष परिस्थितिको सिर्जना भएको अवस्थामा थप सहायता उपलब्ध गराउनु पर्ने देखिएमा उद्धार विपद समितिले थप रु. ७,०००।- (सात हजार) सम्म प्रति परिवार उपलब्ध गराउने ।यसका साथै विपद समितिको बैठक बस्न नसक्ने वा बिभिन्न समयमा यस्ता विपदजन्य घटना हेरी गाउँपालिका अध्यक्षले बढीमा रु. ५,०००।- ( पाँच हजार) र प्रमुख प्रशासकीय अधिकृतले बढीमा रकम रु. ३,०००।- ( तिन हजार) सहयोग उपलब्ध गराउन सक्ने।

ग) विपदको समयमा पीडित परिवारहरुलाई सुरक्षित स्थानमा राखि शिविर सञ्चालन गर्नु पर्ने अवस्था भएमा विपद उद्धार समितिले तत्काल जिल्ला प्रशासन कार्यालय हुदै मन्त्रालयमा सम्पर्क राखी आवश्यक व्यवस्था मिलाउने ।

घ) विपदमा परि खाद्यान्न वा थप आर्थिक सहायता उपलब्ध गराउनु पर्ने परिवारका परिवार संख्या समेत खुलेको लगत घटना हुने वित्तिकै जिल्ला प्रशासन कार्यालय हुदै मन्त्रालयमा पठाउने ।

ङ) पीडिलहरुलाई राहत वितरण गर्दा वडामा उद्धार समिति गठन भएको स्थानमा सो समिति मार्फत र

अन्य ठाउँको हकमा पालिकाको विपद उद्धार समिति मार्फत नै राहत सहयोग उपलब्ध गराउने । यसरी राहत वितरण गर्दा सम्भव भएसम्म गाउँपालिकाको सबै राजनीतिक दलको प्रतिनिधि समेतलाई आमन्त्रण गरी पालिकाको विपद उद्धार समितिको निर्णयको आधारमा राहत सहयोग उपलब्ध गराउने व्यवस्था गर्ने ।

च) विपदका पीडितहरुलाई पुनःस्थापना तथा पुनःनिर्माणका लागि प्रचलित नीति तथा कानून बमोजिम वन तथा वातबरण मन्त्रालय अन्तर्गतको जिल्ला स्थित तोकिएको निकायले सहुलियत दरमा काठ उपलब्ध गराउनको लागी सिफारिस गरी दिने।

छ) पीडित परिवारका सदस्य मध्ये कुनै एक जनालाई वैदेशिक रोजगारीमा जाने ईच्छा भएमा उमेर र अवस्थालाई विचार गरी सम्बन्धित व्यक्तिको खर्च एवं जिल्ला विपद उद्धार समितिको सिफारिसमा श्रम तथा रोजगार मन्त्रालयले वैदेशिक रोजगारीमा पठाउने व्यवस्था मिलाउनको लागि अनुरोध गर्ने।

ज) भूकम्प, बाढी, पहिरो, आगलागी, असिना पानी, हुरी बतास, चट्याङ्ग, शित-लहर, हिमपातका साथै

विपदका कारणबाट भएको हवाई, सडक एवं डुङ्गा दुर्घटना बाट प्रभावित पीडितहरुलाई मात्र राहत सहयोग उपलब्ध गराउने ।

झ) विपदका घटनामा परी खाधान्न तथा हाल बसोवास गरि रहेको घर पूर्ण रुपमा नष्ट भएमा वा पूर्ण नष्ट नभए तापनि सम्भावित खतरावाट जोगिन सुरक्षित स्थानमा नयाँ घर निर्माण गर्नुपर्ने भएमा त्यस्तो परिवारलाई सम्बन्धित वडाको सिफारिस र प्रहरी प्रतिवेदनका आधारमा गाउँ विपद व्यवस्थापन समितिवाट निर्णय गरि प्रति परिवार अधिकतम रु. २५ हजार सम्म आर्थिक सहयोग उपलव्ध गराउने |

तर अर्को स्थानमा बसोवास गर्ने घर नभएको अवस्थामा मात्र यस्तो राहत रकम उपलव्ध गराइने छ |

ञ) राहत तथा उद्धार कार्यमा सञ्चालन गर्नु पर्ने विषेश परिस्थितिमा विविध खर्चको लागि रु. ५०००।- (पाँच हजार) सम्म पालिकाको दैवी विपद उद्धार समितिको निर्णयानुसार प्रमुख प्रशासकिय अधिकृतले खर्च गर्न सक्ने ।

ट) निर्धारित मापदण्ड बमोजिम राहत सहयोग उपलब्ध गराउँदा विपद उद्धार समितिले घटना भएको १५ दिन भित्र सूचना प्राप्त भएको घटनाका लागि मात्र राहत सहयोग उपलब्ध गराउने व्यवस्था गर्ने ।

ठ) विपद प्रवाहित क्षेत्रमा बिभिन्न किसिमका रोगको महामारी फैलन नदिन पालिका भित्रका स्वास्थ्यकर्मीहरु परिचालन गर्ने ब्यबस्था स्वास्थ्य शाखा मार्फत मिलाउने।

ड) राहत वितरण गर्दा तथा पिडितलाई उद्धार गरि अस्थायी आश्रय स्थलमा राख्दा संकटासन्न अवस्थामा रहेका सुत्केरी, गर्भवती महिला, बालबालिका, जेष्ठ नागरिक, विरामी तथा अपाङ्गता भएका व्यक्तिहरुको आवश्यकतालाई विशेष ध्यान दिई प्राथमिकताका आधारमा व्यस्थापन गर्ने |

ढ) विद्यालय जाने उमेर समूहका बालबालिकाको हकमा पाठ्यपुस्तक, विद्यालय पोसाक लगायत अन्य शैक्षिक सामग्री विपदको कारणले नष्ट भइ तत्काल व्यस्था गर्नुपर्ने भएमा सामाजिक संघ संस्था तथा गैरसरकारी संघसंस्था र सम्बन्धित शिक्षा शाखाको समन्यव र सहकार्यमा वडा मार्फत वितरण गर्ने |

ण) वडा कार्यालयहरु देखि गाउँपालिका कार्यालय सम्म जोड्ने मुख्य सडकमा बाढी, पहिरो आई सडक अवरोध आई परेमा विपद व्यवस्थापन समितिका अध्यक्षको आदेश अनुसार बढीमा रु. १५ हजार नबढ्ने गरी सम्बन्धित वडाको वडा अध्यक्षको समन्वयमा खर्च गरि अवरोध हटाउने र सो को फछ्र्यौंट गर्दा बिल भरपाई र  आवस्यक परे प्रविधिक जांच पास पेश गर्ने ।

त) विपदका पिडित परिवारलाई खाद्यन्न सहितको राहत वितरण गर्दा ५ जना सदस्य परिवारको लागि २५ kg चामल, ४ kg दाल, १ kg नुन, १ लिटर तेल, १०० ग्राम बेसार विपद व्यवस्थापन समितिको संयोजकको निर्देशनमा वडा स्तरीय विपद व्यस्थापन समिति संयोजक मार्फत वितरणको व्यवस्था मिलाउने । साथै माथि उल्लेखित खाधान्न बितरण गर्दा सबै वडामा मुल्य एकरुपता कायम गरि वितरण गर्न उपयुक्त हो । ५ जना भन्दा बढि परिवार सदस्य भएमा परिवार संख्या अनुपात एकिन गरि राहत उपलव्ध गराउने ।

थ) विपद कोषवाट खर्च भएको सम्पूर्ण खर्च विपद व्यवस्थापन समिति वा कार्यपालिकाको बैठकवाट अनुमोदन गर्ने |

## ५. सूचना व्यवस्थापन, अनुगमन र मूल्यांकन

क) गाउँपालिकामा पालिका स्तरीय आपतकालीन कार्यसंचालन केन्द्र स्थापन गर्ने र सो को लागि सम्पर्क व्यक्ति ( Focal Person) तोकी विपद सम्बन्धी सूचनाको गाउँ पालिकाको वेभसाईट, सामाजिक संजाल लगायत अन्य संचार माध्यम मार्फत प्रवाह (Dissemination) गर्ने ।

ख) जिल्लामा जिल्ला प्रशासन कार्यालय सँग समन्वय गरि विपदको घटना सम्बन्धी गाउँपालिकाको तथ्याङ्क अद्यावधिक गर्ने र वार्षिक रुपमा प्रकाशन गरी सार्वजनिक गर्ने ।

ग) विपद उद्धार समितिले आफु मातहतका वडाका विपद उद्धार समितिहरुले गरेका विपद व्यवस्थापन सम्बन्धी कामहरुको कम्तीमा वर्षको एक पटक अनुगमन गरी छलफल गरी पालिकाको बैठकमा प्रतिवेदन पेश गर्ने ।

घ) विपद पीडित उद्धार एवं राहत व्यवस्थापन कार्यमा विशेष सक्रियतापूर्वक कार्य गर्ने समाजसेवी, राजनैतिक व्यक्ति, व्यवसायी, सामाजिक संघ-संस्था एवं राष्ट्र सेवक कर्मचारीहरुलाई पालिकाको विपद उद्धार समितिको सिफारिसमा उचित सम्मान एवं पुरस्कारको व्यवस्था मिलाउने ।

**आज्ञाले**

**दान बहादुर ऐडी**

**प्रमुख प्रशासकीय अधिकृत**

**इन्द्रसरोवर गाउँपालिका मकवानपुरको विपद पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड, २०७७ मुल्य रु.१०।**